बैठक नं.१५

आज मिति २०८२/०१/१५ गतेका दिन यस बुटवल उपमहानगरपालिकाका प्रमुख श्री खेलराज पाण्डेयज्यूको अध्यक्षता र देहायका नगरकार्यपालिकाका सदस्यज्यूहरुको उपस्थितिमा देहायका प्रस्तावमा छलफल गरी निर्णय लिनका लागि नगर कार्यपालिकाको बैठक बसियो ।

समय : बिहान ८:३० बजे ।

स्थान : बुटवल उपमहानगरपालिका, नगरकार्यपालिकाको सभाहल ।

## उपस्थिति

| सि.नं. | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | खेलराज पाण्डेय | प्रमुख | |
| २ | सावित्रादेवी अर्याल | उपप्रमुख | |
| ३ | नरेन्द्र बस्नेत | सदस्य | |
| ४ | सुनिल शाक्य | सदस्य | |
| ५ | विष्णु ढकाल | सदस्य | |
| ६ | नरिश्वर शर्मा | सदस्य | |
| ७ | हरि प्रसाद श्रेष्ठ | सदस्य | |
| ८ | लोकनाथ न्यौपाने | सदस्य | |
| ९ | पदमराज गाहा | सदस्य | |
| १० | यज्ञ प्रसाद पंगेनी | सदस्य | |
| ११ | प्रदिपकुमार श्रेष्ठ | सदस्य | |
| १२ | बल बहादुर पुन | सदस्य | |
| १३ | रामचन्द्र क्षेत्री | सदस्य | |
| १४ | डिल्ली प्रसाद शर्मा उपाध्याय | सदस्य | |

| सि.नं. | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १५ | नारायण प्रसाद पुन | सदस्य | |
| १६ | दधिराम न्यौपाने | सदस्य | |
| १७ | शिव राना | सदस्य | |
| १८ | कृष्ण प्रसाद पौडेल | सदस्य | |
| १९ | ज्ञान बहादुर रेश्मी | सदस्य | |
| २० | गुरु प्रसाद पंगेनी | सदस्य | |
| २१ | चन्द्रसिंह थापा मगर | सदस्य | |
| २२ | निलम गौतम | सदस्य | |
| २३ | कृष्ण बहादुर सुनार | सदस्य | |
| २४ | बसन्ती वि.क. | सदस्य | |
| २५ | रिना भुसाल | सदस्य | |
| २६ | सुनिता खड्लुक | सदस्य | |
| २७ | राधादेवी पौडेल | सदस्य | |
| २८ | यम बहादुर सुनार | सदस्य | |
| २९ | हेमा थामी | सदस्य | |
| ३० | मित्रमणी खनाल | प्रमुख प्रशासकीय अधिकृत | |

आई प्रसाद राई का.वा. वडाध्यक्ष- १

वीर बहादुर तामाङ का.वा. वडाध्यक्ष- ८

सुर्य बहादुर कार्की का.वा. वडाध्यक्ष- ९

अनिल गहतराज का.वा. वडाध्यक्ष- ५

**प्रस्ताव नं. १५.१**

मिति २०८२/०१/०२ मा बसेको नगरकार्यपालिकाको चौधौ वैठकबाट स्वीकृत भएका निर्णयहरुको समीक्षा सम्बन्धमा ।

**निर्णय नं. १५.१**

- तिनाउँ नदी, दानव र बुटवल-११ स्थित खुल्ला मन्चको IEE प्रतिवेदन स्वीकृत गर्ने गरी निर्णय लिइएको ।
- बुटवल -११ स्थित तिनाउं नदीको किनार मगरघाट पुलवाट उत्तर टेनिस कोर्टको पश्चिममा अवैध रुपमा रहेको नदीजन्य पदार्थको आयठेक्का वन्दोवस्ती गर्ने गरी निर्णय लिइएको ।
- वडा नं. १७ र १८ स्थित तिनाउँ नदीमा रहेको नदीजन्य पदार्थको संकलन तथा विक्री वितरणका लागि आय ठेक्का वन्दोवस्ती तथा विपद् व्यवस्थापन अर्न्तगत व्यवस्थापन गर्ने गरी निर्णय लिइएको ।
- वडा नं. २, ११, १२, १३, १४ र १५ दानव तिनाउँ नदी भाटा प्रगतिटोल बगर क्षेत्रमा रहेको नदीजन्य पदार्थको उत्खनन् र संकलन गरी प्रतिस्पर्धाको माध्यमवाट आय ठेक्का वन्दोवस्ती गर्ने गरी निर्णय लिइएको ।
- बुटवल - ११ देविनगर स्थित खुल्ला मन्च सम्याउदा निस्कने माटो, मिस्कट, ढुङ्गा संकलन उत्खनन् गरी प्रतिस्पर्धाको माध्यमबाट आय ठेक्का वन्दोवस्ती गर्ने गरी निर्णय लिइएको ।
- विपद्बाट सृजित नदीजन्य पदार्थको व्यवस्थापन गर्ने गरी निर्णय लिइएको ।
- वडा नं. ११ स्थित तिनाउँ खोलामा रहेको नदीजन्य पदार्थको व्यवस्थापन गर्ने गरी निर्णय लिइएको ।
- छिमेकी पालिकाहरुसंग सहकार्य एवं समन्वयका लागि क्षमता अभिवृद्धि सम्वन्धी गोष्ठीको आयोजना गर्ने गरी निर्णय लिइएको ।
- बुटवल देखि मुक्तिनाथसम्मका संभव भएसम्मका पालिका प्रमुखहरु र छिमेकी मित्रराष्ट्र भारतका केही पालिका प्रमुखहरु वीच गोष्ठीको आयोजना गर्ने गरी निर्णय लिइएको ।
- स्वीकृत योजनाहरुको सम्झौताका लागि मिति २०८२/०१/०५ गते सम्मका लागि म्याद थप गर्ने गरी निर्णय लिइएको ।
- स्थानीय तहको निर्वाचन २०७९ पश्चात हालसम्म ३ वर्षको अवधिमा बुटवल उपमहानगरपालिकाबाट सम्पादन एवं कार्यान्वयन भएका गतिविधिहरुको वारेमा समीक्षा सहितको बुलेटिन प्रकाशन गर्ने गरी निर्णय लिइएको ।

प्रस्ताव न.१५.२

प्रदेश विशेष र समपुरक अनुदानका आयोजना छनौट गरी प्राथमिकताक्रम तोक्ने सम्वन्धमा ।

निर्णय नं.१५.२

लुम्विनी प्रदेश योजना आयोगको सचिवालय र आर्थिक मामिला तथा योजना मन्त्रालय, राप्ती उपत्यका (देउखुरी), नेपालको मिति २०८१/१२/२९ को सूचना वमोजिम आगामी आ.व.०८२/०८३ का लागि प्रदेश विशेष र समपुरक अनुदान संचालन कार्यविधि (संशोधित) ले निर्दिष्ट गरे अनुसार देहाय वमोजिमको प्राथमिकताक्रम तोकी समपुरक अनुदानमा वुटवल उपमहानगरपालिकाको तर्फवाट ६० प्रतिशत लागत सहभागिताको सुनिश्चितता रहने प्रतिवद्धता सहित प्रदेश विशेष र समपुरक अन्तर्गत देहायका योजना छनौट गरी विशेष अनुदान अन्तर्गतका योजनाहरु लुम्विनी प्रदेश योजना आयोग र समपुरक अन्तर्गतका योजनाहरु आर्थिक मामिला तथा योजना मन्त्रालय, राप्ती उपत्यका (देउखुरी), नेपालमा अनुरोध गरी पठाउने निर्णय गरियो ।

(क) विशेष अनुदान तर्फ

विशेष अनुदानमा कार्यान्वयन गरिने आयोजना वा कार्यक्रमको नाम र प्राथमिकताक्रम

| क.सं | आयोजना वा कार्यक्रमको नाम ठेगाना | माग रकम रु. | प्राथमिकताक्रम | नयाँ/क्रमागत |
|---|---|---|---|---|
| १ | आधारभूत शहरी स्वास्थ्य केन्द्र, भौतिक पूर्वाधार निर्माण, वुटवल-११ । | ४० लाख | १ | नयाँ |
| २ | नवरत्न माध्यमिक विद्यालय (अङ्ग्रेजी माध्यम) भौतिक पूर्वाधार (भवन) निर्माण, वुटवल-१२ | ४० लाख | २ | नयाँ |

(ख) समपुरक अनुदान तर्फ

समपुरक अनुदानमा कार्यान्वयन गरिने आयोजना वा कार्यक्रमको नाम र प्राथमिकताक्रम

| क.सं. | आयोजना वा कार्यक्रमको नाम ठेगाना | माग रकम रु. | प्राथमिकताक्रम | नयाँ/क्रमागत |
|---|---|---|---|---|
| १ | सिरान गाँउ (टप-मजुवा देखि वुद्धनगर जाने सडक) निर्माण, वुटवल-११ । | ५ करोड | १ | नयाँ |
| २ | वुटवल माध्यमिक विद्यालय भौतिक पूर्वाधार (भवन) निर्माण | ५ करोड | २ | नयाँ |

**प्रस्ताव नं.१५.३**

नयागाउँ मा.वि. लाई लिजमा जग्गा उपलव्ध गराउनका लागि सिफारिस गर्ने सम्वन्धमा ।

**निर्णय नं. १५.३**

बुटवल उपमहानगरपालिका वडा नं. १२ स्थित नयाँगाउँ माध्यमिक विद्यालयले हाल प्रयोग गर्दै आईरहेको भवन विद्यार्थीहरुको वढदो चाँपले गर्दा साँघुरो भई पठन पाठनमा समस्या भैरहेको र वालवच्चाहरु खेल्ने मैदान समेत नभएको हुंदा विद्यालयले नै खेल मैदानको रुपमा प्रयोग एवं संरक्षण गर्दै आईरहेको नेपाल सरकारको नाममा श्रेस्ता कायम रहेको बुटवल उपमहानगरपालिका वडा नं. १२ साविक सेमलार नक्शा नं. २च कि.नं. ३७७२ क्षेत्रफल १-१४-१९.५ जग्गा पूर्व :नयाँगाँउ हाटवजारको पर्खाल, पश्चिम :नयाँगाँउ देखि वेलभरिया जाने बाटो, उत्तर : आवादी तर्फको ३२ फुटे सडक र दक्षिण: अव्यवस्थित वसोवास यति चारकिल्ला भित्रको जग्गा यस कार्यालयका प्राविधिकवाट स्थलगत रुपमा नापजाँच गरी प्राप्त फिल्ड स्केच, नापी नक्शा, कित्ताकाट प्लट रजिस्टर उतार, नेपाल सरकारको नाममा कायम रहेको दर्ता श्रेस्ता उतार र १२ नं. बडा कार्यालयको प.सं.०८१/०८२ च.नं. ३०४८ मिति २०८२/०१/१४ गतेको पत्रसाथ प्राप्त निर्णय सिफारिस वमोजिम श्री नयाँगाउँ माध्यमिक विद्यालय, बुटवल-१२ लाई सरकारी जग्गा दर्ता, उपयोग तथा लिजमा उपलब्ध गराउने सम्वन्धि कार्यनीति - २०७९ को दफा ६ वमोजिम (दिर्घकालीन लिज अवधि ४० वर्ष) का लागि भौतिक पूर्वाधार निर्माणका लागि जग्गा लिजमा उपलव्ध हुन सम्वन्धित निकायहरुमा लेखि पठाउने निर्णय गरियो ।

**प्रस्ताव नं.१५.४ विविध ।**

**प्रस्ताव न.. १५.४.१**

जग्गा उषयोग प्रक्रिया अगाडि वढाउनका लागि सिफारिस गर्ने सम्वन्धमा ।

**निर्णय नं. १५.४.१**

बुटवल उपमहानगरपालिकाको वडा कार्यालय वडा नं. १८ को आफ्नो स्वामित्वमा जग्गा नभएको । अरुको घर भाडामा लिई नगरवासीहरुलाई दिने सेवा प्रवाहमा कठिन भैरहेको अवस्थामा बुटवल उपमहानगरपालिका वडा नं. १८ साविक मोतीपुर गा.वि.स.नक्शा नं. ८ङ कि.नं. ४२१ क्षेत्रफल ०-३-२ जग्गा यस कार्यालयको पहलमा मालपोत कार्यालय, बुटवलवाट मिति २०८१/०९/०९ मा नेपाल सरकारको नाममा श्रेस्ता कायम गरी नगरकार्यपालिकाको मिति २०८१/०९/१९ मा वसेको कार्यपालिकाको निर्णय, श्री सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयवाट च.नं. २८२ मिति २०८१/११/१५ को पत्रवाट उपयोगको लागि सिफारिस तथा जिल्ला सिफारिस समितिको मिति २०८१/१२/२१ मा निर्णय भैसकेको हुँदा उल्लेखित जग्गा बाहेक वडावासीको पहुँच र पायक पर्ने स्थानमा नेपाल सरकारको नाममा दर्ता श्रेस्ता कायम भएको जग्गा नरहेको । वडा कार्यालय स्थापनाका लागि विगत २०७३/१२/२८ मा वडा कार्यालय वडा नं. १८ का लागि पोखरावारी क्षेत्र भित्रको भवन भनी तोकिएको हुँदा उल्लेखित मितिमा तोकिएको केन्द्रलाई आधार मानी हाल भाडामा

बसेको वडा कार्यालयको भवन रहेको स्थान देखि पश्चिम तर्फ ५० मिटरको दुरी भित्र रहेको भनी सम्वन्धित वडा कार्यालय वडा नं. १८ को प.सं.०८१/०८२ च.नं. ८९२ मिति २०८२/०१/१४ को पत्रवाट सिफारिस एवं अनुरोध भई आएको हुँदा सेवा प्रवाह हुने केन्द्र परिवर्तन नभई स्थान मात्र परिवर्तन हुने वडावासीहरुका लागि पायक पर्ने, सडकको पहुँच समेत सहज भएको स्थान साविक मोतीपुर ८ङ कि.न.४२१ अर्न्तगतको क्षेत्रफल ज.वि. ०-३-२ उल्लेखित कि.नं.को जग्गा सरकारी जग्गा दर्ता, उपयोग तथा लिजमा उपलब्ध गराउने सम्वन्धी कार्यनीति, २०७९ को दफा ४ (२) वमोजिम उपयोगको प्रक्रिया अगाडि वढाइदिने व्यवस्थाका लागि सम्वन्धित निकायहरुमा लेखि पठाउने निर्णय गरियो ।

**प्रस्ताव नं. १५.४.२**

स्रोतको सुनिश्चितता सहित वहुवर्षिय आयोजनामा समावेश गरी योजना कार्यान्वयन गर्ने सम्वन्धमा ।

**निर्णय नं.१५.४.२**

बुटवल उपमहानगरपालिकाको चालु आ.व.२०८१/०८२ का लागि स्वीकृत विनियोजन ऐन, २०८१ अन्तर्गत बजेट पुस्तिकाको सि.नं.१०५२ मा बुटवल उपमहानगरपालिका वडा नं.११ स्थित देवीनगरमा वी पी.कोइराला, पुष्पलाल र सूर्य प्रसाद प्रधान स्मृतिपार्क निर्माणका लागि राजश्व बाँडफाँट स्थानीय नगद शीर्षकमा **रु.१,५०,००,०००.०० (अक्षरेपी एक करोड पचास लाख मात्र)** वजेट व्यवस्था भएको छ । उक्त पार्क निर्माणका लागि प्राविधिकवाट **भ्याट र कन्टेन्जेन्सी सहित रु.१,७८,०७,१९१.३३ (अक्षरेपी एक करोड अठहत्तर लाख सात हजार एक सय एकानब्बे र पैसा तेत्तिस मात्र)** को लागत अनुमान पेश भएको छ । पेश भएको लागत अनुमानमध्ये नपुग **रकम** रु.२८,०७,१९१.३३ **(अक्षरेपी अठ्ठाईस लाख सात हजार एक सय एकानब्बे र पैसा तेत्तिस मात्र)** वजेटको सुनिश्चितता आगामी नगरसभा अधिवेशनवाट गर्ने गरी प्राविधिकबाट पेश भएको भ्याट र कन्टेन्जेन्सी **सहित रु.१,७८,०७,१९१.३३ (अक्षरेपी एक करोड एक करोड अठहत्तर लाख सात हजार एक सय एकानब्बे र पैसा तेत्तिस मात्र)** को लागत अनुमान स्वीकृत गरी वहुवर्षिय आयोजनामा समावेश गरी योजना कार्यान्वयन प्रकिया अगाडि वढाउने र सो विषय अनुमोदनका लागि आगामी नगरसभामा पेश गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. १५.४.३**

खरिद प्रकिया अगाडि वढाउने सम्वन्धमा ।

**निर्णय नं. १५.४.३**

बुटवल उपमहानगरपालिकालाई नेपाल सरकार अन्तर सरकारी अख्तियारी अर्न्तगत वजेट उपशीर्षक नम्बर ३७००११४४ स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम अन्तरगत बुटवल उपमहानगरपालिका वडा नं १२ मा आधारभुत स्वास्थ्य केन्द्र भवन निर्माण भुक्तानी शीर्षकमा रु ३७ लाख एकीकृत सार्वजनिक वित्तीय व्यवस्थापन प्रणाली (IPFMS Ingtegrated Public Finance Management

System) मा हालै मात्र अख्तियारी प्राप्त भएको । उक्त कार्य प्रतिस्पर्धात्मक विधिबाट गर्नु पर्ने तर प्रयाप्त समय नभएको एवं आधारभुत्त स्वास्थ्य केन्द्र वडा नं १२ को पहिलो तलाको छत ढलानको कार्य बाँकी रहेको र सो कार्य चालु आर्थिक वर्ष भित्रै सम्पन्न समेत गर्नु पर्ने भएको हुदा उक्त कार्य छिटो प्रक्रियाबाट अगाडि बढाउनको लागि बुटवल उपमहानगरपालिकाको सार्वजनिक खरिद नियमावली २०७७ (संसोधन सहित) को नियम १४८ बमोजिम विशेष परिस्थितिमा खरिद गर्ने सम्वन्धी व्यवस्था अर्न्तगतको विधि अवलम्वन गर्ने गरी ७ दिने सार्वजनिक सूचनाको माध्यमबाट बोलपत्र आव्हान गरी खरिद प्रक्रिया अगाडी बढाउने निर्णय गरियो ।

**प्रस्ताव नं.१५.४.४**

योजना कार्यान्वयन सम्वन्धमा ।

**निर्णय नं. १५.४.४**

नेपाल मगर संघ बुटवल उपमहानगर समिति, रुपन्देहीको च.नं.५४१ मिति २०८२ वैशाख ११ गतेको प्राप्त पत्रका सम्वन्धमा बुटवल उपमहानगरपालिका नगरसभाको सोह्रौं अधिवेशनको तेस्रो बैठकबाट मगरभाषाका आदिकवी स्व.जित बहादुर सिँजालीको शालिक निर्माण, बुटवल-७ का लागि राजश्व बाँडफाँट स्थानीय रु.२,५०,०००/- (अक्षरेपी दुई लाख पचास हजार मात्र) बजेट व्यवस्था भएको हुँदा उपभोक्ताको लागत सहभागितामा सम्वन्धित वडा कार्यालय मार्फत योजना कार्यान्वयन प्रक्रिया अगाडि बढाउने निर्णय गरियो ।

**प्रस्ताव नं. १५.४.५**

क्रमागत योजनामा समावेश गर्ने गरी योजना कार्यान्वयन गर्ने सम्वन्धमा ।

**निर्णय नं. १५.४.५**

बुटवल उपमहानगरपालिकाको चालु आ.व. २०८१/०८२ का लागि स्वीकृत विनियोजन ऐन, २०८१ अर्न्तगत पूर्वाधार निर्माणसंग सम्वन्धित उपभोक्ता समिति मार्फत संचालन भएका योजना तथा कार्यक्रमहरु बाहेक ठेक्का मार्फत प्रक्रियामा गएका र प्रक्रियामा जाने क्रममा रहेका आयोजना/योजना तथा कार्यक्रमहरु कार्यान्वयन प्रक्रियाका सवै चरणहरु पुरा गर्दा चालु वर्षमा सम्पन्न हुन नसकी बाँकी रहेका योजना तथा कार्यक्रमहरुलाई नियमित प्रक्रियाकै रुपमा क्रमशः कार्यान्वयन गर्दै जाने र आगामी आ.व. को विनियोजन ऐनमा क्रमागत योजनामा समावेश गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. १५.४.६**

संगठन तथा व्यवस्थापन सर्भेक्षण (O and M) गर्ने सम्वन्धमा ।

**निर्णय नं. १५.४.६**

स्थानीय सरकार संचालन ऐन, २०७४ ले निर्दिष्ट गरे वमोजिमका सेवा प्रवाहका लागि बुटवल उपमहानगरपालिकाले नगरकार्यपालिकाको कार्यालय र अर्न्तगतका वडा कार्यालयहरु, शहरी स्वास्थ्य केन्द्रहरु लगायतका सेवा प्रवाहका लागि आवश्यक जनशक्ति सहितको कार्यविबरण तयार गरी मिति २०७९/१०/११ मा वसेको बुटवल उपमहानगरपालिका नगरसभाको बाह्रौं अधिवेशनको तेस्रो वैठकको निर्णय नं. १२.३.३ बाट संगठन तथा व्यवस्थापन सर्भेक्षण (O and M) प्रतिवेदन स्वीकृत भई हालसम्म कार्यान्वयनमा रहेको छ । उक्त सर्वेक्षण प्रतिवेदन वमोजिम सेवा प्रवाह गर्दै आइरहेको अवस्थामा हाल लुम्बिनी प्रदेश सरकारवाट स्थानीय निजामती सेवा ऐन र स्थानीय निजामती सेवा नियमावली जारी भई आएको र उल्लेखित कानून बमोजिम तह मिलान, स्तरवृद्धि, तहवृद्धि र बढुवा जस्ता क्षमता अभिवृद्धि र वृति विकाससंग सम्वन्धित विषयहरुलाई अगाडि बढाउन र समय सापेक्षित रुपमा प्रवाह गर्नुपर्ने र थप हुदै आएका सेवाहरुलाई समेत व्यवस्थित र प्रभावकारी रुपमा सम्पादन एवं कार्यान्वयन गरी संगठनलाई चुस्त एवं दुरुस्त राख्ने प्रयोजनका लागि प्रचलित कानूनलाई मध्यनजर गरी नगरकार्यपालिकाको कार्यालयको संगठन तथा व्यवस्थापन सर्भेक्षण गर्नका लागि नगरकार्यपालिकाको कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

**प्रस्ताव नं. १५.४.७**

शोक प्रस्ताव सम्वन्धमा ।

यस बुटवल उपमहानगरपालिका अर्न्तगत वडा नं. ११ कालिकानगर निवासी सुदिप न्यौपाने आफ्नी आमा, वहिनी र ज्वाई सहित छिमेकी राष्ट्र भारतको कश्मिरमा पर्यटकीय भ्रमणका लागि गएको अवस्थामा हत्या भएको हुँदा यो वैठक घोर निन्दा र भर्त्सना गर्दछ । उक्त घटनामा दिवंगत हुनुभएका सुदिप न्यौपानेको आत्माको चिर शान्तीको कामना गर्दै शोक सन्तप्त परिवारजनहरुमा धैर्य धारण गर्ने शक्ति मिलोस भनी यो बैठक समवेदना सहित शोक प्रस्ताव पारित गर्दछ ।

अन्त्यमा उपस्थित सवैलाई धन्यवाद दिदैं प्रमुखज्यूवाट वैठक समाप्त भएको जानकारी गराउनु भयो ।

२०८२/१/१५